नेपाल सरकार

शिक्षक सेवा आयोग

## निम्नमाध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक लिखित परीक्षाको सूचना

यस आयोगबाट देहायका विकास क्षेत्र अन्तर्गतका सामुदायिक विद्यालयमा मिति २०६३।०१।१० देखि रिक्त रहेका शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि निम्नबमोजिम विज्ञापन प्रकाशन गरिएको छ ।

### नेपाली

| क्र.सं. | समूह/ वि.नं. ⇨<br>क्षेत्र ⇩ | खुला<br>२०११/०७२/७३ | महिला<br>२०१२/०७२/७३ | आदिवासी/ जनजाति<br>२०१५/०७२/७३ | मधेशी<br>२०१६/०७२/७३ | दलित<br>२०१७/०७२/७३ | अपाङ्गता<br>२०१८/०७२/७३ | पिछडिएको क्षेत्र<br>२०१९/०७२/७३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | २६ | ७ | ६ | ५ | २ | २* | १ | ४९ |
| २ | मध्यमाञ्चल | १४ | ४ | ३ | ३ | १ | १ | – | २६ |
| ३ | पश्चिमाञ्चल | २१ | ६ | ५ | ४ | १ | १ | १ | ३९ |
| ४ | मध्यपश्चिमाञ्चल | १६ | ४ | ३ | ३ | १ | १ | १ | २९ |
| ५ | सूदुरपश्चिमाञ्चल | १० | ३ | २ | २ | १ | १ | – | १९ |

### अंग्रेजी

| क्र.सं. | समूह/ वि.नं. ⇨<br>क्षेत्र ⇩ | खुला<br>२०२१/०७२/७३ | महिला<br>२०२२/०७२/७३ | दलित महिला<br>२०२३/०७२/७३ | आदिवासी/ जनजाति<br>२०२५/०७२/७३ | मधेशी<br>२०२६/०७२/७३ | दलित<br>२०२७/०७२/७३ | अपाङ्गता<br>२०२८/०७२/७३ | पिछडिएको क्षेत्र<br>२०२९/०७२/७३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | ४५* | ११ | – | ९ | ८ | ३ | २ | १ | ७९ |
| २ | मध्यमाञ्चल | २५ | ७ | १* | ६ | ४ | २ | १ | १ | ४७ |
| ३ | पश्चिमाञ्चल | ६८ | १८ | १ | १५ | १२ | ५ | ३ | २ | १२४ |
| ४ | मध्यपश्चिमाञ्चल | २५ | ७ | – | ६ | ४ | २ | १ | १ | ४६ |
| ५ | सूदुरपश्चिमाञ्चल | १७ | ४ | – | ३ | ३ | १ | १ | १ | ३० |

### गणित

| क्र.सं. | समूह/ वि.नं. ⇨<br>क्षेत्र ⇩ | खुला<br>२०३१/०७२/७३ | महिला<br>२०३२/०७२/७३ | आदिवासी/ जनजाति<br>२०३५/०७२/७३ | मधेशी<br>२०३६/०७२/७३ | दलित<br>२०३७/०७२/७३ | अपाङ्गता<br>२०३८/०७२/७३ | पिछडिएको क्षेत्र<br>२०३९/०७२/७३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १८ | ५ | ४ | ३ | १ | १ | १ | ३३ |
| २ | मध्यमाञ्चल | २३ | ६ | ५ | ४ | १ | १ | १ | ४१ |
| ३ | पश्चिमाञ्चल | २६ | ७ | ६ | ५ | २ | १ | १ | ४८ |
| ४ | मध्यपश्चिमाञ्चल | ९ | ३ | २ | २ | १ | – | – | १७ |
| ५ | सूदुरपश्चिमाञ्चल | २ | १ | – | – | – | – | – | ३ |

### विज्ञान

| क्र.सं. | समूह/ वि.नं. ⇨<br>क्षेत्र ⇩ | खुला<br>२०४१/०७२/७३ | महिला<br>२०४२/०७२/७३ | दलित महिला<br>२०४३/०७२/७३ | आदिवासी/ जनजाति<br>२०४५/०७२/७३ | मधेशी<br>२०४६/०७२/७३ | दलित<br>२०४७/०७२/७३ | अपाङ्गता<br>२०४८/०७२/७३ | पिछडिएको क्षेत्र<br>२०४९/०७२/७३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | २९* | ६ | – | ५ | ४ | १ | १ | १ | ४७ |
| २ | मध्यमाञ्चल | १९* | ४ | १* | ३ | ३* | १ | १ | – | ३२ |
| ३ | पश्चिमाञ्चल | ३४* | ८ | – | ८* | ५ | २ | १ | १ | ५९ |
| ४ | मध्यपश्चिमाञ्चल | ७* | २ | – | १ | १ | १ | – | – | १२ |
| ५ | सूदुरपश्चिमाञ्चल | २ | १ | – | – | – | – | – | – | ३ |

## सामाजिक

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला २०५१/०७२/७३ | महिला २०५२/०७२/७३ | आदिवासी/ जनजाति २०५५/०७२/७३ | मधेशी २०५६/०७२/७३ | दलित २०५७/०७२/७३ | अपाङ्गता २०५८/०७२/७३ | पिछडिएको क्षेत्र २०५९/०७२/७३ | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | २४ | ६ | ५ | ४ | २ | १ | १ | ४३ |
| २ | मध्यमाञ्चल | २० | ५ | ४ | ४ | १ | १ | १ | ३६ |
| ३ | पश्चिमाञ्चल | २८ | ८ | ६ | ५ | २ | १ | १ | ५१ |
| ४ | मध्यपश्चिमाञ्चल | १७ | ४ | ३ | ३ | १ | १ | १ | ३० |
| ५ | सूदुरपश्चिमाञ्चल | ७ | २ | १ | १ | १ | – | – | १२ |

## गणित विज्ञान

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला २१९१/०७२/७३ | महिला २१९२/०७२/७३ | दलित महिला २१९३/०७२/७३ | आदिवासी/ जनजाति २१९५/०७२/७३ | मधेशी २१९६/०७२/७३ | दलित २१९७/०७२/७३ | अपाङ्गता २१९८/०७२/७३ | पिछडिएको क्षेत्र २१९९/०७२/७३ | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | २६* | १३* | १* | ५* | ४ | १ | १ | १ | ५२ |
| २ | मध्यमाञ्चल | ९ | ३ | – | २ | २ | १ | – | – | १७ |
| ३ | पश्चिमाञ्चल | २५ | ७ | – | ५ | ४ | २ | १ | १ | ४५ |
| ४ | मध्यपश्चिमाञ्चल | ८ | ८* | – | २ | २ | १ | – | – | २१ |
| ५ | सूदुरपश्चिमाञ्चल | १० | ३ | – | ३* | २ | १ | १ | – | २० |

## सस्कृत ब्याकरण

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १२०१/०७२/७३ | महिला १२०२/०७२/७३ | **जम्मा** |
|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १ | – | १ |
| २ | पश्चिमाञ्चल | १ | २* | ३ |

## सस्कृत भाषा

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला २२११/०७२/७३ | **जम्मा** |
|---|---|---|---|
| १ | पश्चिमाञ्चल | १ | १ |

## कम्प्युटर विज्ञान

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला २२४१/०७२/७३ | **जम्मा** |
|---|---|---|---|
| १ | पूर्वाञ्चल | १ | १ |
| २ | मध्यमाञ्चल | १ | १ |

***गतवर्ष सिफारिस हुन नसकेको पदसंख्या समेत समावेश गरिएको ।**

**परीक्षाको किसिम** :

**क)** लिखित

**ख)** प्रयोगात्मक (यस सम्बन्धी कार्यविधि पछि प्रकाशन गरिनेछ । )

**ग)** अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले तोकेका केन्द्रहरु ।

**परीक्षा दस्तुर** : रु. ७००।- र समावेशीका लागि प्रति समूह थप रु. ५००।-

**दरखास्त फाराम संकलन केन्द्र :**

| | |
|---|---|
| **पूर्वाञ्चल** | १.क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल, धनकुटा |
| | २. जिल्ला शिक्षा कार्यालय, इलाम |
| | ३.जिल्ला शिक्षा कार्यालय, मोरङ |
| | ४.जिल्ला शिक्षा कार्यालय, उदयपुर |
| **मध्यमाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल, हेटौंडा |
| | २. जिल्ला शिक्षा कार्यालय, ललितपुर |
| | ३. जिल्ला शिक्षा कार्यालय, सिन्धुली |
| | ४. जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक |
| **पश्चिमाञ्चल** | १.क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चल, पोखरा |
| | २.जिल्ला शिक्षा कार्यालय, रुपन्देही |
| | ३.जिल्ला शिक्षा कार्यालय, तनहुँ |
| | ४.जिल्ला शिक्षा कार्यालय, वाग्लुङ |
| **मध्यपश्चिमाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यपश्चिमाञ्चल, सुर्खेत |
| | २. जिल्ला शिक्षा कार्यालय, दाङ |
| | ३. जिल्ला शिक्षा कार्यालय, जुम्ला |
| | ४. जिल्ला शिक्षा कार्यालय, बाँके |
| **सुदूरपश्चिमाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, सुदूरपश्चिमाञ्चल, दिपायल |
| | २. जिल्ला शिक्षा कार्यालय, कैलाली |
| | ३. जिल्ला शिक्षा कार्यालय, डडेल्धुरा |

**दरखास्त दिने अन्तिम मितिः** २०७३/०३/१२ गते सम्म

**दोब्बर दस्तुरको अन्तिम मितिः** २०७३/०३/१९ गते सम्म

**लिखित परीक्षा हुने मिति :** २०७३/०५/११ गते, बिहान ८ :०० बजेदेखि

**अन्तर्वार्ताको मिति, समय र स्थान :** लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्तर्वार्ताको मिति, समय र स्थान उल्लेख गरिनेछ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम**

१. सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम पूरा गरेको ।

२. गणित विज्ञान विषयमा उम्मेदवार हुनका लागि विज्ञान वा अन्य संकायबाट गणित र विज्ञान दुवै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको योग्यता हासिल गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको ।

३. सामाजिक अध्ययन विषयका हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम प्राप्त गरेको व्यक्ति उम्मेदवार बन्न सक्नेछ ।

**स्पष्टिकरणः**

दुईसय पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ ।

२. **दरखास्त फाराम साथ पेस गर्नुपर्ने प्रमाणित कागजातहरु**

- **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि**
- **शैक्षिक योग्यता (ट्रान्स्क्रिप्ट र चारित्रिक प्रमाणपत्र) का प्रतिलिपि**

- **तालिमको प्रमाणपत्रका प्रतिलिपि**
- **स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि**
- **उम्मेदवार कार्यरत स्थायी शिक्षक भए नियुक्ति पत्र र सेवा प्रमाणित**
- **समावेशी समूहका उम्मेदवारले समावेशी समूहको हो भनी सम्बन्धित निकायबाट प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि ।**

३. समावेशी पदमा समेत उम्मेदवार हुने व्यक्तिहरुले दरखास्त फाराममा आफू उम्मेदवार भएको समूह स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
   - प्रचलित कानून अनुसार आदिवासी/जनजाति, मधेशी र दलित समूदायका उम्मेदवारले कुनै एक समावेशी समूहमा मात्र आवेदन दिन सक्नेछन् ।
   - पिछडिएको क्षेत्र वा अपाङ्गता भएका उम्मेदवारले तत् तत् समूहमा समेत आवेदन दिन सक्नेछन् ।

४. दरखास्त दिने अन्तिम मितिभित्र तोकिएको शैक्षिक योग्यता र तालिम हासिल गरी सकेको हुनु पर्नेछ तर दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र तालिम प्राप्त गर्ने अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

५. विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको शैक्षिक योग्यताको समकक्षतासम्बन्धी प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।

६. खुला र समावेशी दुवै समूहको परीक्षा संयुक्त रुपमा लिइनेछ ।

७. कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी कानुनबमोजिम कारवाही गरिनेछ ।

८. विज्ञापन प्रकाशन भए पश्चात पद थप घट गरिने छैन ।

९. **<u>समावेशीतर्फका उम्मेदवारहरुले बुझाउनु पर्ने थप कागजातहरु</u>**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सोही सूचीमा सुचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात ।

(ख) तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित गरेको कागजात ।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित भएको कागजात ।

(घ) अपाङ्गताका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाजकल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रका सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात ।

१०. दरखास्त फारामसाथ पेस गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुलाई उम्मेदवार स्वयंले सक्कलबमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

११. कार्यरत स्थायी शिक्षकको हकमा उमेरको हद लाग्ने छैन र त्यस्ता शिक्षकहरुले समान तहमा उम्मेदवार हुन पाउने छैनन् ।

१२. उम्मेदवारको उमेर दरखास्त बुझाउने अन्तिम मिति (२०७३/०३/१२ गते ) सम्ममा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**१३. उम्मेदवारले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ ।**

१४. उम्मेदवारहरुले यस सूचनामा उल्लेख भएका कुराहरुका अतिरिक्त शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

१५. दरखास्त फाराम र पाठ्यक्रम आयोगको वेबसाईट www.tsc.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

१६. परीक्षा केन्द्र सम्बन्धी जानकारी परीक्षा सञ्चालन हुने मिति भन्दा एक हप्ता अगाडि यस आयोगको वेबसाइटमा हेर्न सकिने छ । साथै सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरुमा समेत सो सम्बन्धी सूचना टाँस गरिनेछ ।

१७. कुनै पनि दरखास्त फाराम सर्त राखी स्वीकृत गरिने छैन ।

शिक्षक सेवा आयोगको विज्ञापन